# मधेशी आयोग
## ज्वागल, ललितपुर

पत्र संख्या: २०८०/८१
चलानी नं.:

मधेशी आयोग ज्वागल, ललितपुर

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५


मिति : २०८० असोज २६

# प्रेस विज्ञप्ति

मधेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ ।प्रतिवेदनको अवधिमा प्राप्त उजुरी मध्ये ९०.८२% उजुरीमा सिफारिस भएको छ । आयोगको यस प्रतिवेदनले नेपालको संविधानको धारा २६२ मा रहेको मधेशी आयोगको सट्टा "**राष्ट्रिय मधेशी आयोग**" उल्लेख हुनुपर्ने, मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा " **सिफारिस गर्ने** " को सट्टा "**निर्देशन दिने**" शब्दको व्यवस्था, कर्मचारी दरबन्दी हेरफेर, आरक्षणको नीतिमा सुधार र पुनरावलोकन गरी आरक्षण वर्गिय आधारमा व्यवस्थापन गर्ने, निर्वाचन अनुगमनमा भूमिका, नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाका प्रभावकारी कार्यान्वियन, सरकारी सेवामा मधेशी समुदायको पहुँच, असहाय, आय आर्जन र उत्पादनमूलक क्षेत्रमा लगानी, औद्योगिकमूलक कृषि पेशाको थालनी, कृषिको लागि चाहिने मलखादको व्यवस्था, जनचेतनामुलक कार्यक्रमको प्रशस्त थालनी, शिक्षा र रोजगारीको शुरुवात, डिजिटल शिक्षालाई पहुँचयोग्य बनाउने, केही सम्पदालाई नेपाल सम्पदा र विश्व सम्पदा सूचिमा राख्नुपर्ने, तराई मधेशमा आर्सेनिकरहित पानीको व्यवस्था, मधेश दिवसको व्यवस्था, प्रज्ञाप्रतिष्ठानहरुमा "**विद्वत वृद्धि**" लाई समानुपातिक रुपमा स्थान दिइनुपर्ने, तराई मधेशसँग सम्बन्धित मातृभाषाका संरक्षण, सम्बर्द्धन र सशक्तीकरणको व्यवस्था गर्ने, वित्तीय शिक्षाको जानकारी गराई सर्वसाधारणलाई गरिवीको दुस्चक्रबाट मुक्ति दिलाउने, मानव वेचविखन अन्त्य गर्ने, चुरे क्षेत्रको वचावट र उक्त क्षेत्रमा पानी पुनभरणको कार्यक्रम तय गर्ने, न्याय प्रशासनलाई छिटो, छरितो र चुस्त दुरुस्त बनाउन थप पहल कदमी गर्ने, जातीय सद्भावको लागि आवश्यक कार्यक्रम संचालन गर्ने, आधुनिक शिक्षा र वैज्ञानिक शिक्षा पद्धतिबाट धार्मिक शिक्षा समेतको सिकाई कार्यक्रम संचालन गर्ने, सीमाको विषयमा संवेदनशिल भई

सोको उचित व्यवस्थापनको लागि कार्य गर्ने, पारदर्शी निर्वाचन प्रणालीको लागि E-Voting को व्यवस्था गर्नुपर्ने, अन्धविश्वास तथा कुरीतिको अन्त्यको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, **"गाई र माई"** का संरक्षणका लागि थप पहल कदमी गर्ने, तराई मधेशमा संचालित राष्ट्रिय गौरबका आयोजनाहरु अविलम्ब सम्पन्न गरिनुपर्ने, स्थान विशेषमा रहेका ऐतिहासिक पुरातात्विक स्थलको संरक्षण गर्नुपर्ने, परम्परागत पेशामा प्रविधिको उपयोग गरिनुपर्ने, युवावर्गमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, हिमाल, पहाड र तराईलाई सेतुको रुपमा विकास गर्ने, विपन्न र पिछडिएका महिला उत्थानको लागि विशेष पहल गर्ने, भ्रुण हत्याको अन्त्य गर्ने, तराई मधेश क्षेत्रमा शैक्षिक, सामाजिक, प्राविधिक, सांस्कृतिक, आर्थिक र कानुनी वातावरणमा सामाञ्जस्यता कायम गर्ने, नेतृत्व वर्गमा भएका विचलनको अन्त्य गरिनुपर्ने, सामुदायिक विद्यालयका शिक्षाकर्मीहरुलाई जिम्मेवार बनाउनु पर्ने, तराई मधेश क्षेत्रमा प्रचलित भाषाभाषी उत्थानका विशेष कार्यक्रम संचालन गर्नुपर्ने, गुणस्तरीय मानव संशासनको विकासमा जोड दिने, कमाउदै सिक्दै (Earning & learning, Learning & earning) Approach संचालन गरिनुपर्ने, राज्य प्रणालीलाई चुस्त दुरुस्त बनाइनुपर्ने, तराई मधेशमा अवस्थित विशेष धार्मिक स्थललाई थप संरक्षणका लागि पहल गर्नुपर्ने, वालसुधार गृहमा थप सुधार कार्यक्रम संचालन गरी वास्तवमै सुधार केन्द्रको रुपमा खडा गर्ने, कैदीवन्दी रहने कारागारको उचित व्यवस्था गरिनुपर्ने आदि विषयहरु यस प्रतिवेदनमा सुझावको रुपमा पेश गरिएका हुँदा सो को कार्यान्वयमा सरकारको ध्यान उचित रुपमा जानको लागि आयोग हार्दिक अपिल गर्दछ ।

..............................

(रुद्र प्रसाद लामिछाने)
सचिव